**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १७ जुलाई २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

## प्रमुख समाचार

- केन्द्रीय गृहमन्त्री अमित शाह आजदेखि पश्चिम बंगालको तीन दिवसीय भ्रमणमा हुनुहुन्छ।

- पश्चिम बंगालको मुर्शिदाबाद जिल्लामा स्कूल भ्यान र रेलबीच भएको दुखद दुर्घटनाप्रति मुख्यमन्त्री शुभेन्दु अधिकारीले गहिरो समवेदना व्यक्त गर्नु भएको छ।

- रेलमन्त्री अश्विनी वैष्णवले पश्चिम बंगालको कर्णसुबर्ण रेलवे स्टेशन नजिकै आज स्कुल भ्यान र रेलबीच दुर्घटना हुँदा मृत्यु हुने व्यक्तको परिवारलाई 10 लाख रूपियाँको अनुग्रह राहतको घोषणा गर्नु भएको छ।

- भारतीय जनता पार्टीले खरसाङमा पञ्चायत समितिको बोर्ड गठन गरेको छ।

- मौसम विभागले दार्जीलिङ, कालेबुङ, जलपाईगडी, कुचबिहार र अलिपुरद्वार जिल्लामा  भारी वर्षाका लागि रेड अलर्ट जारी गरेको छ।

**अमित शाह- बंगाल भ्रमण**

केन्द्रीय गृहमन्त्री अमित शाह आजदेखि पश्चिम बंगालको तीन दिवसीय भ्रमणमा हुनुहुन्छ। आज देखि १९ जुलाईसम्म चल्ने यस भ्रमणमा सीमा सुरक्षा, कानून व्यवस्था, नयाँ फौजदारी कानूनको कार्यान्वयन र विभिन्न विकास परियोजनाहरूको प्रगति उहाँको प्राथमिकता हुनेछन्। भ्रमणको क्रममा, उहाँले उत्तर बंगालको सीमा क्षेत्रहरूको भ्रमण गर्नु हुनेछ र कोलकतामा धेरै महत्त्वपूर्ण बैठक र कार्यक्रमहरूमा भाग लिनु हुनेछ। आफ्नो भ्रमणको दोस्रो दिन, १८ जुलाईमा, गृहमन्त्रीले उत्तर बंगालको सिलढीमा रहेको जुमागाछ सीमा चौकीको भ्रमण गर्नु हुनेछ। यहाँ, उहाँले भारत-बंगलादेश सीमामा तैनाथ सीमा सुरक्षा बल (BSF) का कर्मचारीहरूलाई भेट्नु हुनेछ र  सीमा व्यवस्थापन र सुरक्षा व्यवस्थाको प्रत्यक्ष निरीक्षण गर्नु हुनेछ। उहाँले अधिकारीहरूसँग वर्तमान सीमा सुरक्षा अवस्था, चुनौतीहरू र निगरानी संयन्त्रहरूको पनि समीक्षा गर्नु हुनेछ। यस अवसरमा, धेरै सीमा सुरक्षा पूर्वाधार परियोजनाहरूको उद्धाटन र शिलान्यास पनि कार्यक्रम छ। गृहमन्त्रीले सीमा क्षेत्रहरूमा पूर्वाधार सुदृढीकरण र सुरक्षा प्रभावकारिता बढाउने कामको प्रगतिको पनि समीक्षा गर्नु हुनेछ। आफ्नो भ्रमणको क्रममा श्री  शाहले सीमा सुरक्षा सम्बन्धी उच्चस्तरीय समीक्षा बैठकको अध्यक्षता गर्नु हुनेछ। बैठकमा सीमा व्यवस्थापन, घुसपैठ रोकथाम, तस्करी नियन्त्रण र आधुनिक प्रविधिको प्रयोग लगायत विभिन्न विषयमा छलफल हुने अपेक्षा गरिएको छ। सीमा सुरक्षा बल र अन्य सम्बन्धित एजेन्सीहरूका वरिष्ठ अधिकारीहरू सहभागी हुनेछन्। गृहमन्त्रीले हालै लागू गरिएका तीन फौजदारी कानूनहरू: भारतीय न्याय संहिता (बीएनएस), भारतीय नागरिक सुरक्षा संहिता (बीएनएसएस) अनि भारतीय साक्ष्य अधिनियम (बीएसए)  को कार्यान्वयनको पनि समीक्षा गर्नु हुनेछ। बैठकले यी कानूनहरूको प्रभावकारी कार्यान्वयन, पुलिस र प्रशासनिक तयारी र राज्यहरूमा तिनीहरूको कार्यान्वयनको स्थितिको बारेमा विस्तृत रूपमा छलफल गर्नु हुनेछ। जन्म र मृत्यु दर्ता प्रणालीको प्रगतिको सम्बन्धमा अधिकारीहरूसँग छुट्टै समीक्षा बैठक पनि तय गरिएको छ। भ्रमणको अन्तिम दिन, १९ जुलाईमा, गृहमन्त्रीले कोलकतामा कानून व्यवस्थाको अवस्थाको बारेमा उच्चस्तरीय बैठक गर्नु हुनेछ। यो बैठकले राज्यको सुरक्षा प्रणाली, अपराध नियन्त्रण र आन्तरिक सुरक्षासँग सम्बन्धित विभिन्न पक्षहरूको समीक्षा गर्नेछ। त्यसपछि गृहमन्त्री अमित शाहले कोलकताको राष्ट्रिय पुस्तकालयमा "शब्द संग्रहालय" को उद्धाटन गर्नु हुनेछ। उहाँले विश्व बंगला कन्भेन्सन सेन्टरमा अमूल डेरी प्लान्टको शिलान्यास पनि गर्नु हुनेछ।

**मुख्यमन्त्री- दुर्घटना**

पश्चिम बंगालको मुर्शिदाबाद जिल्लामा स्कूल भ्यान र रेलबीच भएको दुखद दुर्घटनाप्रति मुख्यमन्त्री शुभेन्दु अधिकारीले गहिरो समवेदना व्यक्त गर्नु भएको छ। उहाँले लापरवाही सहन गरिने छैन र जाँच दोषी पाइएका जो कोहीलाई पनि कडा कारबाही गरिने स्पष्ट पार्नु भएको छ। मुख्यमन्त्रीले मृतकका परिवारलाई सबै सम्भव सहयोगको आश्वासन पनि दिनु भएको छ। आज बिहान मुर्शिदाबाद जिल्लाको अजिमगञ्ज-कटवा रेलवे लाइनको कर्णसुबर्ण स्टेशन नजिकै गोविन्दपुर रेलवे क्रसिङमा स्कूल वाहन र रेल ठोक्किँदा तीन विद्यार्थीसहित पाँच जनाको मृत्यु भएको छ। सामाजिक संञ्जाल पोस्टमा, मुख्यमन्त्रीले यो हृदयविदारक दुर्घटनाबाट आफू दुःखी भएको बताउनु भएको छ। उहाँले मृतक विद्यार्थीहरूका परिवारहरू, विशेष गरी उनीहरूका अभिभावकहरूप्रति गहिरो समवेदना व्यक्त गर्नु हुँदै यो दुःखलाई शब्दमा व्यक्त गर्न नसकिने बताउनु भएको छ।
उहाँले सम्पूर्ण राज्य यस कठिन समयमा शोकसन्तप्त परिवारको साथमा उभिएको बताउनु भएको छ। मुख्यमन्त्रीले घाइते र प्रभावित परिवारहरूलाई सबै सम्भव सहयोग प्रदान गर्न प्रशासनलाई निर्देशन दिनु भएको छ। उहाँले भन्नु भयो, मन्त्री गौरीशंकर घोष पहिले नै स्थितिको जायजा लिन अस्पताल पुग्नु भएको छ, जबकि जिल्ला मजिस्ट्रेट र पुलिस अधीक्षक बिहानदेखि नै राहत र उद्धार कार्यका लागि घटनास्थलमा उपस्थित छन्। उहाँले उपचाररत सबै घाइतेहरूलाई उत्तम उपचार प्रदान गरिएको बताउनु भयो। स्वास्थ्यमन्त्री डा. शारदावत मुखर्जीले कुनै पनि अभाव नहोस् भन्ने उद्धेश्यले मेडिकल कलेजमा उपचार व्यवस्थाको व्यक्तिगत रूपमा जायजा लिनु भयो। मुख्यमन्त्रीले दुर्घटनामा लापरवाही सहन नहुने स्पष्ट पार्नु हुँदै राज्य पुलिसले रेलवे क्रसिङमा गेटकीपरलाई पक्राउ गरेको बताउनु भयो। उहाँले घटनाको सबै पक्षहरूको गहन जाँच गरिने र कानून अनुसार जिम्मेवार व्यक्तिहरू विरुद्ध कडा भन्दा कडा कारबाही गरिने बताउनु भयो।

**वैष्णव- बंगाल दुर्घटना**

रेलमन्त्री अश्विनी वैष्णवले पश्चिम बंगालको कर्णसुबर्ण रेलवे स्टेशन नजिकै आज भएको स्कूल भ्यान दुर्घटनाप्रति गहिरो समवेदना व्यक्त गर्दै स्कूल भ्यान अनि यात्रुवाहक रेल ठोक्किँदा मृत्यु हुने प्रत्येक व्यक्तिको परिवारलाई १० लाख रुपियाँको अनुग्रह राहत घोषणा गर्नु भएको छ। पूर्वी रेलवेका महाप्रबन्धकले प्रमुख सुरक्षा अधिकारीको नेतृत्वमा उच्चस्तरीय जाँच समिति गठन गर्न आदेश दिएका छन्। यस समितिमा सञ्चालन, इन्जिनियरिङ, सिग्नल तथा दूरसञ्चार विभागका उच्चस्तरीय अधिकारीहरू समावेश हुनेछन्। यसैबीच, हावडाको अतिरिक्त डिभिजनल रेलवे प्रबन्धक दसजना वरिष्ठ अधिकारीहरूको टोलीसहित घटनास्थलमा पुग्नु भएको छ। घटनापछि, गेटम्यान अनुप कर्माकरलाई पक्राउ गरिएको छ र पीडब्लुआई कौशिक माललाई निलम्बन गरिएको छ।

**शुकान्त मजुमदार**

अमृत भारत स्टेशन योजना अन्तर्गत आज पश्चिम बंगालका २५ स्टेशनहरू सहित देशभर ९० भन्दा बढी स्टेशनहरूको उद्घाटन हुँदैछ। केन्द्रीय मन्त्री सुकान्त मजुमदार आज बागडोगरा विमानस्थलमा कार्यक्रममा भाग लिन आइपुग्नु भयो। बागडोगरा विमानस्थलमा पत्रकारहरूसँग कुराकानी गर्नु हुँदै मन्त्री सुकान्त मजुमदारले केन्द्रीय गृहमन्त्रीको आधिकारिक भ्रमणको तयारी भइरहेको बताउनु भयो। उहाँले राज्य सरकारको सहयोगको अभावका कारण पहिले सीमामा बार लगाउने काममा बाधा पुगेको आरोप लगाउनु भयो, तर अब नयाँ व्यवस्था अन्तर्गत सीमा सुरक्षा बल (BSF) लाई जग्गा छुट्याइएको छ, जसले कामलाई तीव्र बनाएको छ। उहाँले आज भारतमा पहिलो हाइड्रोजनबाट चल्ने रेलको सुरुवात भएको छ, जुन पर्यावरणका लागि महत्वपूर्ण कदम रहेको बताउनु भयो। उहाँले भन्नु भयो, प्रधानमन्त्री र रेलमन्त्रीको नेतृत्वमा भारतीय रेलवेमा अभूतपूर्व परिवर्तनहरू भएका छन्। श्री मजुमदारले पश्चिम बंगालका २५ स्टेशनहरू सहित देशभर ९० भन्दा बढी अमृत भारत स्टेशनहरूको उद्घाटन भइरहेको र रेलवेको विकासमा यस्तो महत्वपूर्ण प्रगति पहिले कहिल्यै नभएको बताउनु भयो।

**टीएमसी नेता पक्राउ**

दक्षिण २४ परगना जिल्लाको गोसाबा क्षेत्रका प्रमुख तृणमूल कांग्रेस नेता सुबिद अली धाली उर्फ झाडोलाई पुलिसले पक्राउ गरेको छ। विधानसभा चुनावको नतिजा घोषणा भएदेखि नै उनी फरार रहेको बताइएको छ। पुलिसले उनका सहयोगी मोनिरुल पेलनलाई पनि पक्राउ गरेको छ र दुई जनाबाट दुईवटा अवैध देशी बन्दुक र दुईवटा जीवित कारतूस बरामद गरेको छ। जीवनतला पुलिसले खगरा गाउँमा छापा मारेर दुई जनालाई पक्राउ गरेको छ। पक्राउ परेका अभियुक्तहरूलाई आज अदालतमा पेश

गरिएको थियो, जहाँ पुलिसले सोधपुछको लागि उनीहरूको हिरासत माग गरेको थियो। गोसाबा ब्लक तृणमूल कांग्रेसका कार्यकारी अध्यक्ष सुबिद अली धालीमाथि अवैध जग्गा कब्जा, जबरजस्ती असुली, मनरेगा कोषको कथित आयोग र राजनीतिक विरोधीहरूमाथि अत्याचार जस्ता धेरै गम्भीर आरोपहरू छन्। पुलिसले यी सबै मुद्दाहरूको जाँच गरिरहेको छ।

**खरसाङ पञ्चायत समिति- भाजपा**

खरसाङ खण्ड पञ्चायत समितिको बोर्ड अन्ततः भारतीय जनता पार्टीले गठन गरेको छ। खरसाङ खण्ड पञ्चायत समितिमा अनु छेत्रीले पञ्चायत समिति सभापतिको पदबाट राजीनामा दिएपछि सभापतिको पद रिक्त रहेको थियो। खरसाङ पञ्चायत समितिमा जम्मा 31 जना निर्वाचित पञ्चायत समिति सदस्य सदस्याहरु रहेका छन्। आज 31 जनामा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चालाई 15 भोट अनि भारतीय जनता पार्टीलाई 17 भोट प्राप्त भएपछि खरसाङ खण्ड पञ्चायत समितिमा भाजपाले बोर्ड गठन गरिएको छ। खरसाङ खण्ड पञ्चायत समितिमा भाजपाको नयाँ बोर्ड गठन भएपछि नयाँ पञ्चायत समिति सभापतिको रुपमा विकास थापालाई सर्वसहमतिद्वारा चयन गरिएको छ। उहाँ खरसाङ खण्ड अन्तर्गत सिटोङ तीन ग्राम पञ्चायतका पञ्चायत समिति सदस्य हुन्। त्यसरी नै सहकारी सभापतिमा नारायण थापा नै चयन भएका छन्। खरसाङ खण्ड पञ्चायत समितिमा भाजपाको बोर्ड गठन गरिएपछि पार्टी कार्यकर्ताहरूले खण्ड विकास कार्यालयबाट मोटर स्ट्याण्डमा आएर विजय उत्सव मनाएका थिए।

**सिलगढी नगर निगम**

सिलगढी नगर निगमका कमिश्नर वीर विक्रम रायले आज शहरको मुख्य व्यावसायिक केन्द्र विधान मार्केटको निरीक्षण गर्नु भयो। निरीक्षणको क्रममा, उहाँले विभिन्न निगम विभागका अधिकारीहरू, विद्युत विभागका कर्मचारीहरू र विधान मार्केट व्यवसायी समितिसँग मिलेर सम्पूर्ण बजार क्षेत्रको निरीक्षण गर्नु भयो।

**मिरिक – आशिष तामाङ**

गोर्खा जनमुक्ति मोर्चा मिरिक महकुमाले आज शहरको बाइपास मोडमा वर्ष 2017 को गोर्खाल्याण्ड आन्दोलनमा शहीद बनेका आशिष तामाङको 10 औ पुण्यतिथि पालन गर्दै श्रद्धाञ्जली अर्पण गरेको छ।

**मौसम**

मौसम विभागले दार्जीलिङ, कालेबुङ, जलपाईगडी, कुचबिहार र अलिपुरद्वार जिल्लामा  भारी वर्षाका लागि रेड अलर्ट जारी गरेको छ।

**********